आज मिति २०७६ साल भदौं १३ गतेका दिन प्रमुख श्री नरबहादुर थापा मगरज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर-कार्यपालिकाको बैठक बसी देहायका विषयहरुमा छलफल गरि निर्णय गरियो।

उपस्थिति

१. नगरपालिका प्रमुख:- श्री नरबहादुर थापा मगर
२. नगरपालिका उप-प्रमुख:- श्री सुजना खड्का
३. वडा अध्यक्ष, वडा नं. १:- श्री नरबहादुर थापा क्षेत्री
४. वडा अध्यक्ष, वडा नं. २:- श्री निर बहादुर श्रेष्ठ
५. वडा अध्यक्ष, वडा नं. ३ :- श्री भुपाल राज श्रेष्ठ
६. वडा अध्यक्ष, वडा नं. ४ :- श्री हुपेन्द्र बहादुर तमाङ
७. वडा अध्यक्ष, वडा नं. ५:- श्री भिम बहादुर तामाङ
८. वडा अध्यक्ष, वडा नं. ६ :- श्री धन बहादुर खड्का
९. वडा अध्यक्ष, वडा नं. ७ :- श्री समिर कार्की
१०. वडा अध्यक्ष, वडा नं. ८ :- श्री केदार कार्की
११. वडा अध्यक्ष, वडा नं. ९ :- श्री चन्द्र बहादुर श्रेष्ठ
१२. कार्यपालिका सदस्य :- श्री जमुना हायु
१३. कार्यपालिका सदस्य :- श्री समिता वि.क.
१४. कार्यपालिका सदस्य :- श्री ज्ञानुदेवी बस्नेत कार्की ज्ञानुका
१५. कार्यपालिका सदस्य :- श्री रुकुम हायु
१६. कार्यपालिका सदस्य :- श्री सरोज कटुवाल
१७. कार्यपालिका सदस्य :- श्री जनक राज सुनुवार
१८. कार्यपालिका सदस्य :- श्री अनिता कार्फले
१९. कार्यपालिका सदस्य :- श्री कविता रिसाल
२०. प्रमुख प्रशासकीय अधिकृत :- श्री रमेश गौतम

आमन्त्रित

१. आर्थिक प्रशासन शाखा : श्री लोकहरि दाहाल
२. अधिकृत छैटौं : श्री नारायण सुवेदी

निर्णय नं. १

आर्थिक वर्ष २०७६/७७ का लागि जिल्ला दररेट समितिले निर्धारण गरेको दररेट स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०७५/०७६ मा यस नगरपालिका वाट सञ्चालन भएका समग्र योजना तथा कार्यक्रमहरुको वार्षिक समिक्षा मिति २०७६ /५/३१ गते सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

रामेछाप नगरपालिकालाट प्रारम्भिक वातावरणीय परिक्षणको अन्तिम प्रतिवेदन अनुसार आ.व.२०७६/७७ का लागि ढुङ्गा, गिटी वालुवाको ठेक्का लगाउने शन्दर्भमा देहाय अनुसार ३ वटा प्याकेजमा ठेक्का लगाउने गरि आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | प्याकेज नं. | ठेक्का रकम |
|---|---|---|
| १ | हर्दिनीघाट-मरिनघाट-सुकाजोर खोला | रु.१,०७,९१,६५७.०२/- |
| २ | विर्ता-रुमखोला-खोल्सिथान-राताटार-भोटेटार | रु.२,००,०८,८४०.३२/- |
| ३ | जोरकोशी-धनेघाट | रु.१,१४,३०,७२०/- |

निर्णय नं. ४

यस नगरपालिका कार्यालयका योजनासगँ सम्वन्धित कार्यक्रमहरुलाई प्रभावकारी ढंगवाट सञ्चालन गर्न गराउनका लागि योजनाको सफ्टवेयर राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

सेलेघाट-रामेछाप-साँघुटार सडक निर्माण क्षेत्रका जग्गा विना मुआब्जा उपलब्ध गराउने सम्वन्धमा मिति २०७६/४/२९ गते रामेछाप नगरपालिकालाट सेलेघाट-रामेछाप-साँघुटार शहरी सडक योजना वर्दिवासलाई दिएको च.नं १०१ को पत्र अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ६

आ.व.२०७५/७६ को विगतको सडकवोर्ड तर्फको रकम भुक्तानी सम्बन्धमा प्राविधिक मूल्यांकन एवं अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरकार्यपालिकाको मिति २०७६/४/१९ गतेको वैठक वाट गठित क्षति मूल्यांकन समितिवाट प्राप्त भएको प्रतिवेदन वैठक समक्ष प्रस्तुत भयो । समितिवाट प्राप्त प्रतिवेदनमा शिफारिस भएका संरचना तथा निजि आवास संरक्षणार्थ ५००० थान तारजाली उपलब्ध गराईदिन डिभिजन भू तथा जलाधार व्यवस्थापन कार्यालय सिन्धुपाल्चोक समक्ष अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका अन्तर्गत आ.व.२०७६/७७ का लागि स्वीकृत भएका लक्षित कार्यक्रम वाहेकका वडा तथा नगरस्तरिय योजना तथा कार्यक्रमहरुको सम्झौता मिति २०७६ कार्तिक मसान्त सम्म सम्पन्न गरिसक्ने र सो मिति भित्र सम्झौता हुन नसकेका योजनाहरुको सम्झौता नगरिने निर्णय गरियो ।

निर्णय नं. ९

रामेछाप नगरपालिकाका कानूनी सल्लाहकारको पारिश्रमिक सुविधाको लागि मिति २०७६/५/१९ गते रामेछाप नगरपालिका न्यायिक समितिले शिफारिस गरे वमोजिमको मिति २०७६/४/१ गतेवाट भुक्तानी पाउने गरि मासिक पारिश्रमिक रु.३०,०००/- अक्षेरेपी तीस हजार मात्र र अन्य सुविधा अधिकृतस्तर छैटौले पाउने सेवा सुविधा सरह हुने गरि निर्णय गरियो ।

Scanned with CamScanner